# पुर्चौडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हाँट, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल


आ.ब.२०८२।०८३

मितिः २०८२।०७।२१

## आन्तरिक आय संकलन सम्बन्धी सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना !!!

यस नगरपालिका अन्तर्गत रहेका तपशिल बमोजिमका क्षेत्रहरुमा पुर्चौडी नगरपालिकाको आर्थिक ऐन २०८२ तथा नगर सभाबाट स्वीकृत निर्धारित दरमा आ.ब.२०८२।०८३ का लागी ठेक्काको माध्यमबाट कर संकलन गर्नु पर्ने भएकाले ठेक्का लिन चाहाने ईच्छुक नेपाली नागरिकहरुलाई तपशलि बमोजिमको सर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सिलबन्दी दरभाउ पत्र खरिद गर्न हुन जानकारी गराईन्छ।

**तपशिल**

१. ठेक्का लिन चाहने नेपाली नागरिकले निवेदनका साथ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी सहित यस कार्यालयको राजश्व शाखामा रु.१०००। जम्मा गरि ७ औँ दिन (मितिः २०८२।०७।२७ गते) को कार्यालय समय भित्र दरभाउ पत्र खरिद गर्न सक्ने छन्।

२. दरभाउ पत्रमा रु.१० को टिकट टाँस गरि आफुले कबोल गरेको रकम अकं र अक्षरमा स्पष्ट लेखि आफ्नो सहिछाप गरि ८ औँ दिन (मितिः२०८२।०७।२८ गते) को १२:०० बजे भित्र कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ। कबोल अकंको अकं र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।

३. दर्ता भएका दरभाउ पत्र सोही दिनको २:०० बजे कार्यालय र ठेकेदार प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। ठेकेदार प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. म्याद नागी आएको र रित नपुगी आएको दरभाउ पत्र उपर कुनै कार्वाही हुने छैन।

५. दरभाउ खरिद गर्ने अन्तिम दिन र पेश गर्ने अन्तीम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन र समयलाई अन्तिम दिन मानिने छ।

६. सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने नगर्ने तथा आशिंक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार कार्यालयमा निहित रहने छ।

७. सिलबन्दी दरभाउ पत्र दाताले दरभाउ पत्र पेश गर्नु अगाडीनै स्थलगत निरिक्षण गरेको मानिने छ।

८. यस सूचना सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरि बुझ्न सकिने छ।

९. परिमाण तथा दररेट आर्थिक ऐन २०८२ बमोजिम लागु हुने छ।

**ठेक्का सम्बन्धी विवरण**

| क्र.सं | ठेक्का नं. | ठेक्काको विवरण | न्युनतम अकं रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ०१/२०८२/८३ | भैसी राँगा निर्यात | ३०००००/- | |
| २ | ०२/२०८२/८३ | खसि बाख्रा निर्यात | ४०,०००/- | |
| ३ | ०३/२०८२/८३ | कभाड निर्यात | २६,०००/- | |
| ४ | ०५।०८२।८३ | सबै प्रकारका कृषि जन्य उत्पादन तथा जडिबुटी निर्यात | ९२,०००/- | |

..........................

बीर बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत




CamScanner